परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३२४ पृष्ठ ४ २०८२ भदौ २२ गते, आईतबार 7 September, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# बर्दिबास बचत तथा ऋण सहकारीमा नयाँ नेतृत्व चयन



● टक नेपाल

मधेश प्रदेशकै उत्कृष्ट सहकारीमध्ये एक मानिने बर्दिबास बचत तथा ऋण सहकारी संस्थाले नयाँ नेतृत्व पाएको छ। शनिबार पञ्चधुरा माइस्थानमा सम्पन्न संस्थाको १४औं साधारणसभाले कोषाध्यक्ष सन्तोष कुमार श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो।

नव-निर्वाचित समितिमा रेणुका हमाल उपाध्यक्ष, मदनकुमार ठकुरी सचिव र हर्कबहादुर तामाङ कोषाध्यक्ष बनेका छन् । यस्तै सदस्यमा कृष्णकुमार श्रेष्ठ, हिमाली हमाल, अशोक महतो, सकुन्तला पोखरेल र खुरहरि अधिकारी चयन भएका छन् । साधारणसभाले लेखा तथा सुपरीवेक्षण समितिको संयोजकमा माधवप्रसाद पोखरेललाई निरन्तरता दिँदै सदस्यमा कुमार भण्डारी र पर्शुराम जोशीलाई चयन गरेको छ।

हाल करिब २३ करोड रुपैयाँ कारोबार पुऱ्याएको यस संस्थाले १८ करोडभन्दा बढी ऋण प्रवाह गरेको छ। जगेडा कोष १ करोड ५२ लाख र ऋण जोखिम कोष २ करोड ८२ लाख रहेको व्यवस्थापक रमेशबहादुर सिंहले जानकारी दिए।

विक्रम सम्वत् २०६७ मा दर्ता भई २०६८ जेठ १ गतेदेखि औपचारिक कारोबार थालेको यस सहकारीमा हाल ३६ सयभन्दा बढी सदस्य रहेका छन्। बर्दिबास-१ मा मुख्य कार्यालयसहित किसाननगर (बर्दिबास-६) र खयरमारा (बर्दिबास-१०) मा सेवा कार्यालय सञ्चालनमा छन्।

साधारणसभामा उत्कृष्ट बचतकर्ता, ऋणी, सेयर सदस्य र उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको थियो। साथै सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का तीन जना जेहेन्दार छात्र-छात्रालाई जनही १५ हजार रुपैयाँ छात्रवृत्ति प्रदान गरिएको छ। सोही अवसरमा पाँच वर्षभन्दा बढी सदस्यता प्राप्त ७० वर्ष उमेर पूरा गरेका सदस्यलाई मासिक ३०० रुपैयाँ भत्ता उपलब्ध गराउने निर्णय पनि गरिएको छ।

# पालिकाको कामप्रति भूमिहीनको गुनासो

● टक नेपाल

भूमि समस्या समाधान आयोग सप्तरीका अध्यक्ष अखिलेश झाले भुमिहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई निवेदन दिन अन्तिम पटक सूचना निकाले पनि सप्तरीका केही पालिकाले चासो नदेखाएको बताउनुभएको छ।

सप्तरीको विष्णुपुर र तिलाठी कोइलाडी गाउँपालिकाले अहिलेसम्म प्रक्रिया सुरू नगरेको बताउनुभयो। अहिलेसम्म प्रक्रिया सुरू नभएको पालिकाको भुमिहीन दलित, भुमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीका लागि राज्यले दिएको सुविधाबाट बञ्चित हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "म अध्यक्ष भएपछि प्रक्रिया थाल्न पालिका पुगेर पटक पटक आग्रह गर्दा पनि कुनै सुनुवाइ गरेको छैन ।' जनप्रतिनिधिको लापरवाही राज्यले दिएको सुविधाबाट बञ्चित गर्नखोज्नु गैरजिम्मेवार देखिएको उहाँले बताउनुभयो। छिन्नमस्ता, महदेवा गाउँपालिकाले प्रक्रिया अगाडि बढाइसकेको अध्यक्ष झाले बताउनुभयो।

जिल्लाको १८ पालिकामध्ये सप्तकोशी, खडक, राजविराज, कञ्चनरूप, बोदेबर्साइन, डाक्नेश्वरी, सुरुङ्गा, हनुमाननगर कङ्कालिनी नगरपालिका र अग्निसाइर कृष्णासवरन, रूपनी, राजगढ, तिरहुत गाउँपालिकासहित १३ वटा पालिकामा ८० प्रतिशत काम सकिएको र निस्सा वितरण भइरहेको उहाँले बताउनुभयो।

यस्तै, खडक, सप्तकोशी नगरपालिका र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा नापी गर्ने कार्य चलिरहेको उहाँले जानकारी दिनुभयो । अध्यक्ष झाका अनुसार सप्तरीमा आर्थिक वर्ष २०८१-८२ जेठ महिनाभित्र भूमिहीन दलित पाँच हजार १७ जना, भूमिहीन सुकुम्वासी दुई हजार ६८९ जना गरी बाह्र हजार ९८८ जनाले आयोगमा आवेदन दिएको छ।

अन्तिम पटक सूचना निकालेपछि अहिले निवेदन लिने काम सुरू छ । त्यस्तै, अव्यवस्थित बसोवास (अधुरो,अपुरो) का २४७ वटा आवेदन परेको थियो भने अहिले निवेदन लिनेक्रम जारी रहेको उहाँले बताउनुभयो । सप्तकोशी नगरपालिका र रूपनी गाउँपालिकामा काम अन्तिम चरणमा पुगिसकेको र यसै महिनाभित्र जग्गाधनी पुर्जा वितरण तयारी भइरहेको आयोगका अध्यक्ष झाले जानकारी दिनुभयो।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### नयाँ शिक्षा ऐन

नेपालको शिक्षा क्षेत्रमा लामो समयदेखि एउटा गम्भीर द्वन्द्वको सामना गर्दै आएको छ । परम्परागत सोच, शैली र केही शिक्षकको जागिरे प्रवृत्तिका कारण सरकारी सामुदायिक विद्यालयको अवस्था नाजुक छ । अर्कोतर्फ निजी विद्यालयहरूको नवीनतम विधिको प्रयोग, सन्तोषजनक परीक्षाफलसहितको बढ्दो प्रभाव छ। यसैबिच सरकारले प्रतिनिधिसभामा पेस गरेको नयाँ शिक्षा विधेयकले एउटा ठुलो बहसको सुरुवात गरेको छ । यो लेखले यस विधेयकको विशेष गरी निजी विद्यालयमा पर्ने सम्भावित प्रभावको विश्लेषण गर्ने प्रयास गरेको छ ।

नेपालमा निजी शिक्षण संस्थाहरूको उदय १९९० को दशकपछि बढेको हो । देशमा आर्थिक उदारीकरणको सुरुवात भएसँगै शिक्षा क्षेत्रमा पनि निजी लगानी बढ्न थाल्यो । सरकारी सामुदायिक विद्यालयहरूमा रहेको सीमित सुविधा, बढ्दो जनसर्‌या र शैक्षिक गुणस्तरमा आएको गिरावटले गर्दा निजी विद्यालयप्रति अभिभावकहरूको रुझान बढ्यो।

यसका साथै केही गम्भीर समस्या पनि देखा पर्दै गए । उदाहरणका लागि, अत्यधिक शुल्क लिने प्रवृत्ति, सामाजिक असमानतामा वृद्धि, शिक्षाको व्यावसायीकरण, कमजोर नियमन प्रणाली प्रमुख रहे । यद्यपि नेपालमा शिक्षामा निजी संस्थागत विद्यालयहरूले शिक्षामा नवीनतम प्रयोग पनि गर्दै गए । शिक्षामा विश्वव्यापी मान्यताहरू स्थापित गर्दै, गराउँदै गए । यसो फर्केर हेर्दा निजी क्षेत्रले पुऱ्याउँदै आएको योगदान निकै उच्च छ । हुन त कण्ठ गराएर अवाञ्छित प्रक्रियाबाट नतिजा उत्कृष्ट देखाई अभिभावक आकर्षण गर्ने र समाजमा आफूलाई जबर्जस्ती अब्बल साबित गर्ने अभ्यास पनि निरन्तर भए । आफूलाई उत्कृष्ट देखाएर अभिभावकहरूबाट अस्वाभाविक चर्को शुल्क लिने प्रवृत्ति पनि देखियो । यही सेरोफेरोमा समाजमा मिश्रित खालको सोच विकसित हुँदै गयो ।

# हलभित्र ओली, हलबाहिर विद्या

● टक नेपाल

ललितपुरको गोदावरीस्थित सनसाइज कम्प्लेक्समा मार्क्स, लेनिन, पुष्पलाल, मदन भण्डारी, मनमोहन अधिकारी मात्र होइन वर्तमान अध्यक्ष केपी शर्मा ओलीका पूर्ण कदका मस्कट राखिएका छन् ।

यी मस्कटमा अघिल्तिर उभिएर शुक्रबार प्रतिनिधि र पर्यवेक्षकहरू फोटो मात्र खिचिरहेका थिएनन् । त्यही वरिपरि बसेर महाधिवेशन प्रतिनिधिका लागि भन्दै विद्या भण्डारीले पठाएको पत्र पनि पढिरहेका थिए ।

महाधिवेशन स्थलका यी दृश्यमा देखिइरहेको थियो, विधान महाधिवेशन भएपनि त्यहाँ औपचारिक विधिको मात्र कुरा भइरहेको छैन । भित्र हलमा अध्यक्ष केपी शर्मा ओलीलाई फेरि शक्तिशाली भूमिकासहित नेतृत्वमा निरन्तरताका लागि बाटो खोल्ने विधि सहितका प्रतिवेदनहरू प्रस्तुत भइरहेका थिए ।

तर, बाहिर पार्टी सदस्यता समेत नपाएकी पूर्व उपाध्यक्ष विद्या भण्डारीको पत्र र सदस्यता नवीकरणका लागि प्रतिनिधिहरूसँग गरेको याचनाको चर्चा थियो ।

एमालेको निर्णय अनुसार भण्डारी पार्टीकी सदस्य होइनन् । तर, सदस्य नै नभएकी व्यक्तिको विषयको चासो महाधिवेशन प्रतिनिधिलाई नहुनु पर्ने हो । तर प्रतिनिधहरूमाझ उनको कुराकानी चाहिँ भइरहेको थियो ।

भण्डारीको पक्षमा उभिएका नेता कर्ण थापाले राखेको फरक मतलाई महिधवेशनमा वाचन गर्न दिने निर्णयले विद्याको मुद्दा औपचारिक रुपमै महाधिवेशनको एजेण्डा बनेको छ ।

अरु प्रतिवेदनसँगै थापाको फरक मत पनि प्रतिनिधिमाझ पुऱ्याउन अनुमति दिइएको छ । अर्थात् समूहगत छलफलमा थापाको प्रतिवेदनबारे प्रतिनिधिहरूले आफ्ना धारणा राख्न पाउनेछन् ।

तर यो महाधिवेशनको औपचारिक एजेण्डा भने त्यो होइन । जुन कुरा अध्यक्ष ओलीले उद्घाटनका क्रममा पनि भने । महाधिवेशन उद्घाटनमा सम्बोधन गर्दै अध्यक्ष ओलीले भने- विधान महाधिवेशनमा विधि र विधानसँग सम्बन्धित विषयमात्रै उठ्नछन् ।

महाधिवेशन प्रतिनिधहरूसमक्ष आफ्नो कुरा पुऱ्याउन भण्डारीले बिहीबार साँझ नै एउटा अपिल पत्र जारी गरेकी थिइन् । त्यहाँ उनले पार्टीले आफ्नो आस्था र विश्वासमाथि कुठाराघात गरेको बताएकी थिइन् । त्यस्तै, आफ्नो जस्तो नियति कुनै पनि नेता र कार्यकर्ताको नहोस् भनेर उनले सचेत पनि गराएकी थिइन् ।

यसैको निरन्तरता स्वरुपमा उनले शुक्रबार साँझ पनि मिडियाबाट आफ्नो धारणा बाहिर ल्याइन् । जहाँ उनले बिहीबार पठाएको पत्रको स्मरण गराउँदै त्यसबारे सल्लाह सुझाव मागेकी छन् ।

'मैले यहाँहरूलाई हिजोमात्रै पत्रमार्फत आफ्ना विचार राखेको छु । यहाँहरूले अध्ययन गर्नुभएकै होला । यहाँहरूको उपयुक्त सल्लाह, सुझाव पनि अपेक्षा गरेको छु,' भण्डारीले भनेकी छिन्, 'नेकपा एमालेको काँधमा देशको ठूलो जिम्मेवारी छ । त्यो पूरा गर्न यहाँहरू भावनात्मक र संगठनात्मक हिसाबले अघि बढ्नुस् । म पनि सधैँ यहाँहरूकै साथमा हुनेछु ।'

भण्डारीले सदस्यताको याचना गरिरहे पनि महाधिवेशनले उनको सदस्यताबारे निर्णय गर्ने छैन । बरू अध्यक्ष ओली लगायतका धेरै पुराना नेताहरूलाई एमालेको सक्रिय राजनीतिमा जोडिरहने राजमार्ग भने तयार गर्नेछ ।

औपचारिक रुपमै महाधिवेशनमा ७० वर्षको उमेर हद हटाउने र दुई कार्यकाल भन्दा पनि बढी नेतृत्वमा बस्ने पाइने गरी विधान संशोधनको प्रस्ताव पेश भएको छ ।

यसले अब अध्यक्ष ओलीलाई औपचारिक रुपमै तेस्रो कार्यकालको नेतृत्व गर्नका लागि वैधानिक प्रदान गने छ । एमालेले नेतृत्व परिवर्तन र नयाँलाई नेतृत्वमा आउने ढोका सहज बनाउनका लागि ७० वर्ष उमेर हद र दुई कार्यकालको प्रावधान यसअघि राखेको थियो । अब यो महाधिवेशनबाट त्यो प्रावधान औपचारिक रुपमै हटेर उमेर हद खुल्ला गर्ने छ । यसले अहिले पदाधिकारी तहमा रहेका वृद्ध नेताहरूलाई नेतृत्वदायी पदमै बस्नका लागि सहज बनाउने छ ।

महाधिवेशनको पहिलो दिन अध्यक्ष ओली, महासचिव शंकर पोखरेलको संगठनात्मक प्रस्ताव र उपाध्यक्ष विष्णु पौडेलको विधान संशोधन प्रस्ताव पेश भए ।

ती मध्ये ओलीको राजनीतिक प्रस्तावमा राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिदेखि पार्टी जीवनको जनवाद र लोकतन्त्रको समेतका कुरा छन् ।

पछिल्लो समय एमालेले लोकतान्त्रिक अभ्यास गर्दागर्दै पनि त्यसभित्र नेताहरूले नियन्त्रणमुखी ढंगले पार्टी सत्ता चलाइरहेको गुनासो व्यापक छ । त्यही गुनासो विद्या भण्डारी पक्षधर नेताहरूले पनि गर्दै आएका छन् । तर पार्टीभित्रको लोकतन्त्र र आन्तरिक जनवादको विषयमा ओलीले महाधिवेशनमा आफ्नो धारणा ल्याएका छन् ।

उनले नेतृत्व उमेर भन्दा पनि परिस्थिति र आवश्यकताले निरन्तर वा परिवर्तन हुने आशय व्यक्त गरेका छन् । उनले युवा पुस्ताको निरन्तर विकास र पुरानो पुस्ताको अविच्छिन्न मार्गदर्शन एकापसमा जोडिएका विषय भएको र यसलाई विभाजनकारी रुपमा हेर्न नहुने धारणा राखेका छन् ।

उनकै नेतृत्वको निरन्तरताको बारेमा पार्टीको एउटा कोणबाट प्रश्न उठिरहेका बेला ओलीले यसबारे महाधिवेशनमा नै सांकेतिक रुपमा धारणा राखेका हुन् ।

'जीवनभर जनताको बहुदलीय जनवादको आलोचना गर्ने, लोकतन्त्रीकरणका प्रश्नलाई खिसीटिउरी गर्ने र पायक पर्दा छनोटपूर्ण विषय उठाएर (सेलेक्टिभ ढङ्गले) बहस गर्नु उचित हुँदैन । कुनै पनि विषय अपरिहार्य, निर्विकल्प या हस्तान्तरण नहुने हुँदैन । तर परिस्थिति, सन्दर्भ, आन्दोलनको आवश्यकता र समग्र आयामलाई हेरेर यसको निर्योल गरिनुपर्छ,' ओलीले भनेका छन् । पार्टी जीवनको लोकतन्त्रीकरण भनेको पार्टीको लक्ष्यसँग अविभाज्य ढङ्गले जोडिएको विषय भएको उनले उल्लेख गरेका छन् ।

'लक्ष्यबाट बहकिएको या त्यसलाई सघाउ नपुऱ्याउने खालको लोकतन्त्रीकरणको उपादेयता हुँदैन। लोकतन्त्र र अनुशासन अन्तरसम्बन्धित हुन्, निषेधकारी होइनन् । बहस र निर्णय कार्यान्वयन परिपूरक विषय हुन्, अन्तरविरोधी होइनन् । मूल नेतृत्व र पदाधिकारीहरू एउटा टिम हुन्, स्वयम्भू र स्वायत्त टापुहरू होइनन्' ओलीले भनेका छन्, 'युवा पुस्ताको निरन्तर विकास र पुरानो पुस्ताको अविच्छिन्न मार्गदर्शन एकापसमा जोडिएका विषय हुन्, विभाजनकारी होइनन् । त्यसैले यसलाई समष्टिमा हेर्नुपर्छ ।'












# मधेशमा सयौं बोरिङ अलपत्र, किसान वर्षाको भरमा निर्भर

टक नेपाल

मधेश प्रदेशले यसपालि खडेरीको मार खेप्यो । सुक्खा संकटग्रस्त घोषणापछि प्रधानमन्त्री केपी शर्मा ओलीले सिंचाइका लागि ५०० डिप ट्यूबेल गाड्ने घोषणा गरे ।

प्रधानमन्त्रीको घोषणापछि बारा महागढीमाई नगरपालिका-८, जोलगावाका स्थानीय आश्चर्यचकित भए । कारण थियो- ३० वर्षअघि तत्कालीन पर्शुराम गाविस-१ का वडाध्यक्ष हरि महतोको पहलमा गाडिएका डिप ट्यूबेल अहिलेसम्म सञ्चालनमा आएका छैनन् । यहाँका किसान मोटर लगाएर सिंचाइ गर्न बाध्य छन् ।

नागेन्द्र महतो भन्छन्, 'हाम्रो गाउँको बोरिङ तीन दशकदेखि सञ्चालनमा ल्याइएन । प्रधानमन्त्रीले ५०० बोरिङ गाडेर तुरुन्त चलाउने भन्नु त मजाक जस्तै हो ।'

धनुषा बटेश्वर गाउँपालिका-१, २ भूचक्रपुर र चित्रपुरमा गाडिएको डिप ट्यूबेलको अवस्था पनि उस्तै छ । झन्डै तीन दशकअघि भूचक्रपुर र चित्रपुरमा कृषि तथा पशुपंछी विकास मन्त्रालयअन्तर्गत रहेको कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट दुवै बोरिङ जडान गरिएको थियो ।

गाडेको तीन दशकसम्म बोरिङ सञ्चालनमा ल्याइएन । वर्षाको भरमा खेतीपाती गर्न गाह्रो भएपछि किसानले खेतमा आँपको बगैँचासहितको रुख-बिरुवा लगाइदिए । चित्रपुरका स्थानीय देवेन्द्र महतो भन्छन्, 'बोरिङ गाडियो । तर सञ्चालनमा ल्याइएन । सिंचाइ अभावमा खेती गर्न समस्या आएपछि सबै किसानले पालैपालो आँप लगाइदिए । अहिले दुवै बोरिङ अलपत्र अवस्थामा छन् ।'

महोत्तरी पिपरा गाउँपालिका-७ रतौलीमा सिंचाइ अभावमा साउन तेस्रो सातासम्म धान रोपाइँ भएन । तर दुई दशकअघि गाडिएको १४ इन्चको बोरिङ बन्द अवस्थामा छ । प्रबर्द्धन केन्द्रका सूचना अधिकारीका अनुसार त्यो बोरिङ धेरै पुरानो रहेकाले अब चल्ने अवस्थामा छैन । उक्त बोरिङ गाडेदेखि कहिल्यै सञ्चालनमा नआएको स्थानीय बताउँछन् ।

यी मात्र होइन, मधेशका ८ वटै जिल्लामा विभिन्न सरकारी निकायले गाडेका यस्ता सयौं डिप ट्यूबेल वर्षौंदेखि बन्द अवस्थामा छन् ।

मधेशमा ४५३ वटा डिप बोरिङ प्रयोगविहीन

मधेश प्रदेशमा ७६४ वटा बोरिङ छन् । ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालय मधेश प्रदेश मातहतको निकायअन्तर्गत जम्मा ५१४ वटा डिप बोरिङ छन् भने कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट ८ वटै जिल्लामा जडान गरिएका २५० वटा बोरिङ छन् । तर सञ्चालनमा आधा पनि छैनन् ।

मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार ५१४ मध्ये सञ्चालनमा २२१ वटा रहेका छन् । २९३ वटा प्रयोगविहीन अवस्थामा छ । सञ्चालनको लागि काम अधुरो रहेका २०७ वटा र मर्मत गर्नुपर्ने ८६ वटा छन् ।

सप्तरीमा ६५ वटा डिप ट्यूबेल रहेकोमा २१ वटा पूर्ण सञ्चालनमा छन् भने ४४ वटा प्रयोगविहीन अवस्थामा छन् । सिरहामा ७९ वटा रहेकोमा २८ वटा सञ्चालनमा छन् भने ५१ वटा प्रयोगविहीन छन् ।

धनुषामा ४१ वटा रहेकोमा १३ वटा सञ्चालनमा छन् भने २८ वटा प्रयोगविहीन छन् । महोत्तरीमा ५२ वटामध्ये २९ वटा सञ्चालनमा छन् भने २३ वटा प्रयोगविहीन छन् ।

सर्लाहीमा ९८ वटामध्ये ४२ वटा मात्र सञ्चालनमा छन् भने ५६ वटा अधुरो प्रयोगविहीन छन् । रौतहटमा ६८ वटा रहेकोमा ३९ वटा सञ्चालनमा छन् २९ वटा प्रयोगविहीन छन् ।



बारामा ६२ वटा रहेकोमा २३ वटा मात्र सञ्चालनमा छन् भने ३९ वटा प्रयोगविहीन छन् ।

बटेश्वरका डीप बोरिङ ।

पर्सामा ४९ वटा रहेकोमा २६ वटा सञ्चालनमा छन् भने २३ वटा प्रयोगविहीन अवस्थामा रहेको मन्त्रालयले जनाएको छ ।

कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र नक्टाझिजबाट मधेश प्रदेशमा ८ वटै जिल्लामा २५० वटा बोरिङ जडान भएकोमा आधासमेत सञ्चालनमा छैनन् ।

सूचना अधिकारी मनोजकुमार चौधरीका अनुसार २०३३ सालदेखि हालसम्म जडान भएका २०५० बोरिङमध्ये हालसम्म ९० वटा पूर्ण रूपमा सञ्चालनमा छन् । जसमा ९० वटा दक्षिणी भेगमा आर्टिजन बोरिङ छन् ।

पानीको सतह तल गएपछि स्वतः चल्ने आर्टिजन बोरिङ धेरैमा पानी आउँदैन । करिब २५ वटा मर्मत हुने अवस्थामा समेत छैन । बाँकी ४५ वटा विद्युतीकरण, उपकरण, व्यवस्थापन लगायत विविध कारणले अलपत्र अवस्थामा छन् ।

'धेरै पहिले गाडिएको बोरिङमा डिजेल इन्जिन थियो । त्यसमा कतिपय मर्मत गरेर पनि सञ्चालनमा ल्याउन सक्ने स्थिति छैन,' सूचना अधिकारी चौधरीले भने, 'चल्ने स्थितिमा रहेकामा कतै विद्युतीकरणको समस्या छ । बजेटको अभाव छ ।'

चौधरीका अनुसार एउटा डिप बोरिङ सञ्चालनमा ल्याउन नालासम्म निर्माण गरेर ९७ लाखदेखि १ करोड २० लाख रुपैयाँ पर्छ । एउटा डिप बोरिङबाट २० देखि ४० हेक्टरसम्म सिंचाइ हुन्छ ।

विद्युतीकरण, मर्मत-सम्भार र सरकारी निकायको उदासिनताले वर्षौंदेखि बन्द हुँदा किसान खडेरीको मारमा छन् । भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, जलेश्वर महोत्तरी इन्जिनियर अमलेश यादव विद्युतीकरण, सामान्य मर्मत, ट्रान्सफर्मर जडान, पम्प मर्मत, पाइपलाइन विस्तार तथा पुराना इन्जिन बदल्नुपर्ने जस्ता कारणले बन्द अवस्थामा छन् ।

सिंचाइ मन्त्रालयका सशर्तका ६७ डिप ट्यूबेल वर्षौंदेखि अधुरै

मधेश सरकार मातहत रहेका ५१४ ट्यूबेलमध्ये संघीय सरकारले सशर्त हस्तान्तरण गरेका ६७ वटा डिप ट्यूबेल प्रणाली सिंचाइ योजना वर्षौंदेखि अधुरा छन् । संघ सरकारले मधेश सरकारलाई २०७४/७५ मा हस्तान्तरण गरेकामध्ये ६७ वटा डिप ट्यूबेल भूमिगत सिंचाइ योजना अझै पूरा हुन सकेको छैन ।

मधेश सरकारको ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयको सिंचाइ महाशाखाले उपलब्ध गराएको तथ्यांकअनुसार ६७ अलपत्र सिंचाइ योजनामध्ये सर्लाही र रौतहटमा २४ वटा छन् । यस्तै बारा र पर्सामा २२ वटा, धनुषा र महोत्तरीमा १२ वटा छन् भने सप्तरी र सिरहामा ९ वटा रहेका छन् । २०७२ देखिका ससर्तका यस योजनामा गत आर्थिक वर्ष २०८१/०८२ मा त संघ सरकारले बजेट नै छुट्याएन ।

६७ वटै डिप ट्यूबेल सिंचाइ प्रणालीले पूर्णता पाउन १ अर्ब २१ करोड ५१ लाख ५० हजार रुपैयाँ लाग्ने मन्त्रालयले जनाएको छ । वर्षेनी थोरथोरै बजेट छुट्याउँदा हालसम्म यी योजनाले पूर्णता पाउन नसकेको मन्त्रालयका निमित सचिव रामकुमार खंगको भनाइ छ ।

६ इन्चका पावर ड्रिल बोरिङ ५७८ वटा प्रयोगविहीन

महोत्तरी पिपरा गाउँपालिका-८ रतौलीमा आर्थिक वर्ष २०७५/०७६ मा ७ वटा ६ इन्चका पावर ड्रिल बोरिङ गाडियो । भूमिगत जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय, जलेश्वर महोत्तरीबाट गाडिएको बोरिङ अहिलेसम्म सञ्चालनमा आएका छैनन् ।

बिजुलीको पोल गाडिएको छ । त्यसपछि न तार जडान भयो, न त मोटर । स्थानीय दशरथ दासका अनुसार रतौलीमा १ हजार ५०० बिघामा धान रोप्ने गरिएको छ । 'गाडिएको बोरिङ सञ्चालनमा आएको भए केही खेतमा समयमै रोपाइ हुन्थ्यो होला,' दशरथ भन्छन्, 'अब बाकी पष्ठ 8.....


## मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तक्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितहरूलाइ आवश्यक सहयोग पामश प्रदान गने ।
- हिंसामा पेका पीडित प्रभावितलाइ आत्म सम्मानपूवक बाँच्न पाउने वातावण सजना गद पुनस्थापनाका लागि क्रियाशिल हने ।

मटिहानि नगपालिका , महोत्ती, मधेश प्रदेश







# मिथिलामा भदौ पूर्णिमाकै दिन पितृपक्ष सुरु

टक नेपाल

भाद्र पूर्णिमाकै दिन महोत्तरीमा पितृपक्ष सुरु भएको छ। असोज कृष्णपक्षलाई पितृपक्ष मानिए पनि भाद्र पूर्णिमाकै दिन देवर्षि पितृ तर्पण दिइने परम्पराअनुसार आज नै पितृपक्षको पूर्वविधि देवतर्पणबाट सुरु भएको हो।

"मैथिल परम्परामा भाद्र शुक्ल चतुर्दशीकै दिन 'नौकेश' (हातगोडाका नङ र कपाल काट्ने विधि) गरेर पितृपक्षमा कूलदेवता, ग्रामदेवता र देवर्षिहरूलाई पहिलो आमन्त्रणा गरी भाद्र पूर्णिमाकै दिन तर्पण दिइन्छ", महोत्तरीको बर्दिबास-२ का पण्डित महेशकुमार झा भन्छन्, "देवर्षि पितृ तर्पणसँगै पितृपक्ष सुरु भएको मानिने मैथिल परम्परा छ।" आज कूलदेवता, ग्राम देवता र देवर्षिलाई आमन्त्रण गरी तर्पण दिइएपछि भोलि असोज कृष्णपक्ष प्रतिपदादेखि पक्षभरि आफ्ना दिवङ्गत स्वजनलाई तर्पण दिइनेछ।

पितृपक्षमा दिवङ्गत पितृको दुई प्रकारका श्राद्ध विधान छ। पितृपक्षबाहेकका तिथिमा दिवङ्गत भई पहिलो वार्षिकी गरिएका पितृको सम्झनामा यसपक्षमा 'पार्वण' श्राद्ध गरिन्छ। यस्तो श्राद्धमा आफ्ना घरका तीन पुस्ता, मावली तीन पुस्ता, अन्य परिवारभित्रका आफन्त र गायत्री गुरुलाई समेत पिण्ड दिइने परम्परा छ। यसलाई महालय श्राद्ध पनि भनिन्छ।

त्यसैगरी पितृपक्षभित्रै दिवङ्गत भएका पितृको भने सोही तिथिमा गरिने श्राद्धलाई 'एको पार्वण' भनिन्छ। एकोपार्वणमा एकोदिष्ट (दिवङ्गत तिथिमा सम्बन्धित पितृलाई पिण्ड दिइने) श्राद्ध र पार्वण विधिसमेत गाभिने हुँदा यसलाई 'एकोपार्वण' भनिएको पण्डित झाको भनाइ छ।

मिथिलामा सामान्यतया पितृपक्षको तर्पण र श्राद्ध तीर्थमा गरिने चलन छ। टाढा तीर्थस्थल जान नसक्नेहरू आफ्नो बस्ती नजिकको पवित्र जलाशयमा गई पितृ तर्पण गर्छन्। मिथिलामा पितृपक्षका सबै दिन तर्पण दिने चलन छ। यो परम्पराले आज महोत्तरीका धार्मिक महत्वका नदी र तलाउ तटमा पहिलो दिनको देवर्षि तर्पण दिनेहरू भरिभराउ छन्। जलेश्वरस्थित भृगु ऋषिको आश्रम नजिकको भार्गवसर, जलेश्वरनाथ महादेव मन्दिर परिसरका वरुण र पुरन्दर सर, मटिहानीस्थित लक्ष्मीसागरसहितका पवित्र तलाउ, रातु, मरहा, बाँके र कुटमेश्वरीसहितका नदी तटमा सामूहिक तर्पण दिनेको भीड भएको हो। यी धार्मिकस्थलमा एक पुरोहितले नै सामूहिक सङ्कल्प पढेर तर्पण गराउँछन्।

असोज कृष्णपक्षको अवधिलाई पितृपक्ष (मैथिली बोलीचालीमा पितरपक्ष) र सो श्राद्ध भनिने गरिएको छ। यसपक्षमा पितृहरु (दिवङ्गत आफन्त) स्वर्गबाट पृथ्वीमा ओर्लने विश्वास गरिन्छ। पृथ्वीमा ओर्लेका पितृले सन्तानले दिएको तर्पण र पिण्ड सोझै ग्रहण गर्ने विश्वासले यस अवधिमा तर्पण र श्राद्ध गरी पिण्ड दिने परम्परा चलेको राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानीका कर्मकाण्ड विषयका शिक्षक शोभाकान्त झा बताउछन्।

पितृपक्षमा बर्दिबास नगरपालिका-५ को टुटेश्वरनाथ महादेव मन्दिरसँगैको मरहा नदी तट, बर्दिबास-३ को राइमण्डल धार्मिक क्षेत्र र रातु, मरहा एवं ओक्सीलगायतका नदीतटमा तर्पण दिने यजमान (श्राद्ध गर्ने कर्ता) लाई सङ्कल्प पढाउन पुरोहितको व्यस्तता पनि निकै बढेको देखिन्छ। कर्तापिच्छे गोत्र, नाउँ र पितृहरूको फरकफरक सङ्कल्प पढ्नुपर्ने भएकाले पुरोहितलाई धपेडी पर्ने गर्छ।

पितृपक्षमा तीर्थस्थलमा तर्पण र पिण्डदान गरे पितृ (दिवङ्गत परिवारजन) तृप्त हुन्छन् भन्ने विश्वासले हिन्दू मैथिल पितृपक्षमा तीर्थस्थलमा श्राद्ध गर्न पुग्छन्। यस पक्षमा पितृपक्ष (पितातर्फ) र मातृपक्ष (मावलीपक्ष)सँगै गुरु, दिवङ्गत राष्ट्रप्रमुख र नजिकका अन्य दिवङ्गत नातेदारलाई तर्पण र पिण्ड दिने चलन छ।

मिथिलामा असोज कृष्णपक्षका १५ तिथिभित्र १६ तिथिका श्राद्ध गरिने भएकाले यसलाई 'सोलहसराद' (सोह्रश्राद्ध) पनि भन्ने गरिन्छ। पूर्णिमा तिथिको पार्वण श्राद्ध पनि औँसीका दिन गरिने भएकाले पक्ष १५ दिनकै भए पनि श्राद्धचाहिँ १६ तिथिका गरिने चलन छ।

दसैं, तिहार र छठजस्ता मुख्य चाडवाडअघि पितृहरूको स्मरण गर्नाले पारिवारिक विघ्न नपर्ने र पितृ तृप्त हुने विश्वास गरिन्छ। यी पर्वबाहेक घरमा आयोजन गरिने माङ्गलिक कार्य (विवाह, व्रतबन्ध, यज्ञयज्ञादिसहितका शुभकार्य) अघि पनि पितृहरूलाई तृप्त गराउन नानीमुखी श्राद्ध र सप्तमातृकाको पूजा गर्ने हिन्दू वैदिक परम्परा रहेको भङ्गाहा-५ का बासिन्दा मैथिल कर्मकाण्डी पुरोहित चन्द्रकान्त झा बताउछन्।

वर्षका अन्य बेला गरिने शुभकार्य (विवाह, व्रतबन्ध, यज्ञयज्ञादि) अघि नान्यमुखी श्राद्ध गरेर कार्य निर्विघ्न सम्पन्न होस् भन्ने कामनाजस्तै दसैं, तिहार र छठपर्वको मुखमा पितृहरूलाई तृप्त गर्न एकपक्ष नै छुट्याइएको झाको कथन छ। हिन्दू परम्परामा पितृपक्षभरि पितृहरू स्वर्गलोकबाट विचरण गर्न मर्त्यलोक (पृथ्वी) झर्ने भएकाले आफ्ना सन्तानले यस पक्षमा दिने तर्पण र पिण्ड तत्काल ग्रहण गर्ने विश्वास गरिन्छ।

# वनपथ-खयरमारा सडक विवादमा

टक नेपाल



निर्धारित समयमै निर्माण सम्पन्न हुन नसक्दा बर्दीबास नगरपालिका-१० र ११ हुँदै जाने वनपथ-खयरमारा सडक विवादमा तानिएको छ। केवल पाँच किलोमिटरको यो सडक ठेकेदारको ढिलासुस्ती, बजेट विवाद र प्रशासनिक कमजोरीले निर्माण सुरु भएको चौथो वर्ष बित्न लाग्दा पनि बन्ने नबन्ने अनिश्चित छ।

लम्बाइ सानो देखिए पनि यो सडकले पूर्वपश्चिम लोकमार्ग हुँदै दक्षिणमा भारतीय सीमा र उत्तरमा खयरमारा-मरिनखोला हुँदै मदन भण्डारी राजमार्गलाई जोड्ने भएकाले यसको व्यापारिक र रणनीतिक महत्व उच्च छ। नगरप्रमुख प्रह्लाद क्षेत्रीका अनुसार यो सडक बर्दीबासका विकट भेगको विकासका आधार भएकोले काम चाँडो सक्न सम्बन्धित निकायलाई पटक पटक आग्रह गर्दै आएको बताउनुहुन्छ।

उहाँ भन्नुहुन्छ, "फेरि पनि निर्माणमा लापर्बाही हुनु दुर्भाग्यपूर्ण हो।" मधेश प्रदेश सरकारको एक प्रदेश निर्वाचन क्षेत्र, एक सडक कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मै डिपिआर तयार गरी निर्माण प्रक्रिया सुरु भएको थियो। पूर्वाधार विकास कार्यालय जलेश्वरका अनुसार आव २०७८/७९ मा पुष्पाज्जली कन्स्ट्रक्सन प्रालि काठमाडौंले पाँच करोड ५८ लाख ६० हजार रुपैयाँमा ठेक्का लिएर काम सुरु गरेको हो। ठेक्का अनुसार २०८० पुस मसान्तसम्म सडक निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म एक हजार छ सय मिटर मात्र कालो पत्रे भएको छ। पूर्वाधार विकास कार्यालयका अनुसार ठेकेदार कम्पनीले करिब दुई करोड ६९ लाख रुपैयाँ भुक्तानी पनि पाइसकेको छ।

पूर्वाधार विकास कार्यालय महोत्तरीका इन्जिनियर एवं साइट इन्चार्ज विजय साहले बाँकी काम छिटो सक्न पटक पटक पत्राचार गरिनुका साथै ठेकेदार कम्पनीकै अनुरोधमा दुई पटक म्याद थप गरिए पनि सडक निर्माण अधुरै रहेको बताउनुभयो।

यसैबिच काम सुरु गरेको देखाउन ठेकेदार कम्पनीले बाँकी खण्डमा दुई पटक प्राइम पनि गरेका थिए। कालोपत्रे गर्न ढिलाइ गर्दा दुवै पटकको प्राइम खेर गएको छ। बेस उप्किएर खाल्टाखुल्टी बढेकोले वनपथ-खयरमारा खण्डमा आवागमन कष्टकर बनेको छ। साइट इन्जिनियर साहले भन्नुभयो, "कालोपत्रे गर्न अब दुई हजार आठ सय मिटर मात्र बाँकी छ। सम्पर्क गर्दा ठेकेदारले छिट्टै काम सक्छु भन्छन्। दुई पटक प्राइम लगाएर २० लाख रुपैयाँ जति खर्च पनि गरिसके। फेरि पनि काम अघि नबढाउनुका कारण हामीले पनि बुझ्न सकेनौं।"

पूर्वाधार विकास कार्यालयका अनुसार ठेकेदार कम्पनीले करिब दुई करोड ६९ लाख रुपैयाँ भुक्तानी पाइसकेको छ। स्थानीय समाजसेवी पोषण थापाले भनुभयो, "२०८० पुसमै सम्पन्न भइसक्नुपर्ने पाँच किलोमिटर सडक पटक पटक म्याद थप गर्दा पनि ठेकेदारले अटेर गर्नु कसको कमजोरी हो?"गोरखापत्र

# मधेशमा सयौं बोरिङ

वर्षाको भर पर्नु बाहेक अर्को विकल्प छैन।'

सिंचाइ विकास डिभिजन कार्यालयका इन्जिनियर अमलेश यादवका अनुसार, बोरिङहरू उपभोक्ता समितिहरूबीचको विवादका कारण सञ्चालनमा आउन सकेका छैनन्। उर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयका अनुसार मधेशका आठवटै जिल्लामा ९४० वटा पावर ड्रिल बोरिङ गाडिएको छ। तर सञ्चालन अवस्था भने डिप बोरिङको भन्दा कम छैन।

९४० मध्ये सञ्चालनमा ३६२ वटा मात्र रहेको मन्त्रालयको तथ्यांक छ। ५७८ वटा प्रयोगविहीन अवस्थामा छन्। ४७६ वटा अधुरो अवस्थामा छन् भने १०२ वटा मर्मत सम्भार गर्नुपर्ने अवस्था रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका निमित्त सचिव रामकुमार खंग मधेशमा सरकारले पुराना बोरिङमा बजेट दिन छाडेपछि अलपत्र परेका हुन्। 'पछिल्लो समय पावर ड्रिलहरू धेरै गाडिएका छन्। तर कतै बिजुली जडान बाँकी छ। कतै मोटर जडान गर्नुपर्ने छ। सरकारले बजेट दिन छाडे को छ,' खंग भन्छन्।

बोरिङ गाडिन्छ, नियमन हुँदैन

खानेपानी तथा सिंचाइ क्षेत्रका जानकार इन्जिनियर रत्नेश्वरलाल कर्ण बोरिङ गाड्ने काम मात्रै भएको तर सञ्चालनमा आए/नआएको नियमन नहुँदा धेरैजसो प्रयोगविहीन भएको बताउँछन्।

'बोरिङ गाडेपछि चलेको छ/छैन, सिंचाइका लागि पानी पुग्यो/पुगेन भनेर नियमन हुनु आवश्यक छ। अहिलेका धेरैजसो बोरिङ सञ्चालनमै नआउने अवस्था देखिएको छ,' उनले भने।

डिप ट्युबेल, स्यालो ट्युबेल वा पावर ड्रिल जस्ता प्रणाली गाड्ने निकाय धेरै हुँदा समस्या थपिएको उनले बताए। नक्टाभिज प्रबर्द्धन केन्द्र, कृषि मन्त्रालय, खानेपानी तथा ऊर्जा मन्त्रालयका विभिन्न निकायले आ-आफ्नै ढंगले बोरिङ गाड्छन्, तर समन्वय अभावले काम प्रभावकारी नभएको उनको तर्क छ।

ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयका निमित सचिव रामकुमार खंग सिंचाइ बोरिङ धेरै गाड्दा त्यसले खानेपानीको समस्या हुनसक्ने बताउँछन्।अनलाईन

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ
सेवासहित ३ वर्ष नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमर्जेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न विधाका विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ ब्यबिरको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा



शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
४४-५५५५५

G.T.S. Mart Bardibas
Gautam trade & Suppliers




हामीकहाँ : दैनिक उपभोग्य सरसफाईका सामानहरु,होटलमा प्रयोग हुने समानहरु र पियपदार्थ पनि उपलब्ध छ।
नोट: यहाँ हालसेल तथा खुद्रा सामान पाउनुका साथै यस मार्टमा होम डेलेभरी पनि सुविधा छ। मो.९८६३४३३६६७, ९७६३३४२७१७

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014